संघीय संसद

राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

## प्रतिनिधि सभाद्वारा संशोधन सहित पारित जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

१. जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) उपदफा (१) बमोजिम पञ्जीकरण गराउन चाहने व्यक्ति, संस्था वा निकायले तोकिए बमोजिमको विवरण र ढाँचामा प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत् वा सिधै केन्द्र समक्ष निवेदन दिनु पर्नेछ र सम्बन्धित प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालयमा प्राप्त निवेदन तोकिएको समयभित्र केन्द्रमा पठाउनु पर्नेछ ।

२. विधेयकको दफा ७ को दफाशीर्षकमा रहेको "पञ्जीकरण" भन्ने शब्दको सट्टा "पञ्जीकृत" भन्ने शब्द राख्ने ।

३. विधेयकको दफा १० (प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम हुने दफा ११) को साविक खण्ड (ङ) (कायम हुने खण्ड (च)) को सट्टा प्रतिनिधि सभाद्वारा संशोधित खण्ड (च) मा रहेका "एक जना महिला सहित तीन जना" भन्ने शब्दहरुको सट्टा "दुईजना महिला सहित पाँचजना" भन्ने शब्दहरु राख्ने ।

४ विधेयकको दफा १७ (प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम हुने दफा १८) को उपदफा (४) मा रहेका "ओसार पसार" भन्ने शब्दहरुपछि "वा विसर्जन" भन्ने शब्दहरु थप्ने ।

५. विधेयकको दफा ३४ (प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम हुने दफा ३५) मा रहेका "भण्डारणको प्रयोग" भन्ने शब्दहरुपछि "वा विसर्जन" भन्ने शब्दहरु थप्ने ।

(मनोजकुमार मिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

मिति : २०७५/११/२८